# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०९/१८ गते

### प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------------------------------

जिल्ला महोत्तरी, सुखैनिया स्थित श्री विष्णु जनता प्राथमिक विद्यालयको तत्कालीन प्रधानाध्यापक अमलेश कुमार यादवले विद्यालयको भवन निर्माणको लागि निकासा भएको रकमबाट भवन ज्यादै कमजोर र अधुरो बनाइ भ्रष्टाचार गरेकोले छानबिन गरी आवश्यक कारवाही गरी पाउँ भन्ने उजुरी एवम् निवेदनको आधारमा अनुसन्धान हुँदा निजले निकासा भएको रकममध्ये रु.४,१९,०५५।१५ (चार लाख उन्नाइस हजार पच्चपन्न रुपैया र पैसा पन्ध्र) आफुखुशी खर्च गरी सरकारी रकमको बदनियतपुर्वक दुरपयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको देखिन आएकोले निजलाई बिगो रु.४,१९,०५५।१५ (चार लाख उन्नाइस हजार पच्चपन्न रुपैया र पैसा पन्ध्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता